# काठमाडौं महानगरपालिका

का. महानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

सामाजिक विकास विभाग

कमलादी, काठमाडौं, बागमती प्रदेश, नेपाल


पत्र संख्या : ०८०।०८१

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः२०८०/११/२२

आ.व.२०८०/०८१ मा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको बार्षिक विकास कार्यक्रमको सामाजिक विकास कार्यक्रममा अपाङ्गता सम्बन्धी विभिन्न कार्यक्रमबाट तपसिल बमोजिमको कार्यक्रम सञ्चालनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मिति २०८०/०९/२३ को निर्णयानुसार यस काठमाडौं महानगरपलिका मार्फत कार्यक्रम कार्यान्वयन गर्नका लागि अन्तर सरकारी अख्तियारी प्रदान भई आएकोले निम्न सर्तको योग्यता पुगेका संघसंस्थाले १५ दिन भित्र कार्यक्रम प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका तथा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिलः

| क्र.सं. | कार्यक्रमको नाम |
|---|---|
| १. | श्रवणदृष्टिविहिन व्यक्तीको दिवासेवा सञ्चालन तथा हेरचाह सम्बन्धी तालिम कार्यक्रम |
| २. | दृष्टिविहिन व्यक्तीको लागि आवासीय कम्प्यूटर तालिम तथा उद्यमशिलता र सशक्तिकरण कार्यक्रम |
| ३. | होचा पुड्का भएका व्यक्तीको लागि क्षमता विकास तथा कम्प्यूटर तालिम |
| ४. | अपाङ्गता भएका महिलाहरुको क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम |
| ५. | सुस्त श्रवण बालबलिकाको भाषा तथा सिकाई विकासका लागि पुनःस्थापना कार्यक्रम |
| ६. | हेमोफेलिया भएका व्यक्तिहरुको पहिचान एवम् जनचेतनामूलक कार्यक्रम |
| ७. | शारिरीक अपाङ्गता भएका व्यक्तीको लागि उद्यमशिलता तथा रोजगारीमूलक तालिम कार्यक्रम |

तपसिलका शर्तहरु पालना गरेको प्रस्तावना मात्र स्विकृत हुनेछन् ।

सर्तहरुः

क) ऐनको अनुसूचीमा भएको अपाङ्गताको वर्गीकरण र प्रकारका आधार, कानून बमोजिम दर्ता र स्थापना भएका संघ संस्थाहरुको छाता संगठन(संघ संस्था/महासंघ) हुनु पर्ने,

ख) संस्थाको क्षमता, जनशक्ती र भौतिक संरचना उल्लेख हुनु पर्ने

ग) विगतमा यस प्रकारको काम गरिरहेको कार्य अनुभव हुनु पर्ने,

घ) नेपाल भरी कार्यक्रम सञ्चालनका लागि मान्यता प्राप्त संस्था हुनु पर्ने

ङ) राष्ट्रिय स्तरमा अपाङ्गता सम्बन्धी सूचना एवं सञ्चारको क्षेत्रमा कार्य गरिरहेको संस्था हुनु पर्ने,

च) अपाङ्गता सम्बन्धी नेपाल सरकारले तोकेको प्राथमिकताको क्षेत्रमा कार्य गरिरहेको,



भवानी कपाली

अधिकृत (अधिकृतस्तर छैठौं)

सामाजिक विकास विभाग

२०८०।११।

# काठमाडौं महानगरपालिका

यें महानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

## सामाजिक विकास विभाग

कमलादी,काठमाडौं,बागमती प्रदेश,नेपाल


पत्र संख्या : ०८०।०८१

छ) अघिल्लो आ.व.मा मन्त्रालयबाट अनुदान प्राप्त गरी कार्यक्रम गरेको भए सो कार्य सम्पादन प्रगति सत प्रतिशत भएको,

ज) कुनै पनि अभियोग तथा अनियमिततामा संलग्न नभएको भनी सम्बन्धित संस्थाबाट स्वीकारोक्ती गरेको,

झ) कुनै राजनितिक दल, विचारधारा तथा धार्मिक आस्थालाई प्रचार प्रसार गर्ने उद्देश्य नरहेको,

ञ) नेपाल सरकारका अन्य मन्त्रालय/निकायसंगको समन्वय र सहकार्यमा कार्यक्रमहरु सञ्चालन गरिरहेको।

ट) प्रस्ताव तयार गर्दा संस्थाको तर्फबाट १५ प्रतिशत लागत सहभागिता हुने गरी तयार गर्नु पर्नेछ।

**भवानी कपाली**
अधिकृत (अधिकृतस्तर छैठौं)
सामाजिक विकास विभाग

श्रीमान
पेश भए बमोजिमको सुचना प्रकाशनका लागि निर्णयार्थ पेश गर्दछु।
२०८०।११।२२